**आर्थिक वर्ष ०८०।८१ को बजेट वक्तव्य :**

१२ औं नगर सभाका श्रद्धेय सभाध्यक्षज्यू,

सभासदज्यूहरु,

**"हामी सबैको चाहना, समृद्ध सिद्धिचरणको लागि दिगो विकासको योजना"** भन्ने मूल नाराका साथ नेपालको संविधानको धारा २२३ को उपधारा (२) बमोजिम गठन यस सिद्धिचरण नगरपालिकाको बाह्रौ नगर सभामा नगरस्तरीय बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले नगरपालिकाको आगामी आर्थिक बर्ष ०८०।८१ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर पाएकोमा गौरव महसुस गर्दै सभाध्यक्षज्यू मार्फत यस गरिमामय सभाप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

लोकतन्त्र प्राप्ति र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि विभिन्न कालखण्डमा भएका दशवर्षे जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन र आदिवासी जनजाती आन्दोलन लगायतका राजनीतिक क्रान्ति एवम् संघर्षलाई स्मरण गर्न चाहन्छु । जनाधिकार र राजनीतिक परिवर्तनका लागि आफ्नो अमूल्य जीवन बलिदान गर्ने ज्ञात-अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । घाइते योद्धा र वेपत्ता नागरिकहरुप्रति उच्च सम्मान र परिवारप्रति गहिरो सहानुभूति प्रकट गर्दछु ।

सभाध्यक्षज्यू,

नेपालको संविधानको धारा ५६ (१) मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र उपधारा (२) मा नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यसै संविधान तथा कानूनले तोके बमोजिम गर्ने, धारा ५७ को उपधारा (४) मा स्थानीय तहको अधिकार अनुसूची-८ मा उल्लेखित बिषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग यो संविधान र नगर सभाले बनाएको कानून बमोजिम हुने ब्यवस्था छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयारी गर्दा विगतको अनुभवहरुलाई समेत मध्यनजर गर्दै आगामी वर्षको लागि उपलब्ध बजेट सीमाभित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण र बजेट/कार्यक्रमको प्रस्तावलाई बिषयक्षेत्रगत रुपमा छलफल गर्ने ब्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गर्नुपर्ने र दफा ७१ मा आगामी आर्थिक वर्षको राजश्व र ब्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेश गर्नुपर्ने कानूनी ब्यवस्था रहेको छ ।

यस नगरपालिकाको आगामी आ.व. ०८०/८१ को वार्षिक बजेट कार्यक्रम प्रस्ताव माथि उल्लिखित संवैधानिक एवं कानूनी व्यवस्थाको अतिरिक्त बजेट कार्यक्रम तर्जुमा सम्बन्धी दिग्दर्शन, दिगो विकास लक्ष्यले समेटेको रणनीति, सम्बन्धित मन्त्रालयगत तथा विभागीय नीति, निर्देशन, यस नगरको आवधिक योजना र नीति तथा कार्यक्रमलाई महत्वपूर्ण आधारको रुपमा लिइएको छ ।

त्यसैगरी नगरसभा सदस्यबाट प्राप्त रचनात्मक सल्लाह र सुझाव, बजेट निर्माणको क्रममा राजनैतिक दलहरु, निजी क्षेत्र, बुद्धिजीवि, पेशाविद्, व्यवसायी, सञ्चारकर्मी र आम नागरिकबाट प्राप्त सुझाव समेतलाई बजेट तर्जुमा गर्दा आधार बनाइएको छ ।

वर्तमान अवस्थामा मुलुकको अर्थतन्त्रमा देखिएका समस्या एंव चुनौतिका कारण पालिकास्तर सम्म सोको प्रभाव रहेको सन्दर्भमा ग्रामिण अर्थतन्त्र मजबुद बनाउने दिशामा आगामि आर्थिक वर्षको बजेटलाई परिलक्षित गरिएको छ । यस नगरपालिकाका जनताको विकास र समृद्धिको चाहानालाई सम्बोधन गर्दै सिमान्तकृत तथा पछाडी परेका वर्ग, क्षेत्र लिङ्ग र समुदायलाई आर्थिक लाभ पुर्याउने तर्फ बजेट तथा कार्यक्रमलाई समावेश गरिएको छ ।

संघीय लोकतान्त्रिक शासन व्यवस्थालाई सुदृढ बनाउन उपलब्ध स्रोत साधनको परिचालन गर्न विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम गर्नु परेको छ । आर्थिक तथा सामाजिक पूर्वाधारको विकास गर्दै गरिबीको रेखामुनी रहेका एंव विभेद र विहिष्करणमा परेका वर्ग, क्षेत्र लिङ्ग, जाति र समुदाय लगायत सबै नागरिकको विकास र समृद्धिको आकाङ्क्षा सम्बोधन गर्न उपलब्ध स्रोत र साधनलाई केन्द्रित गरिएको छ ।

सभाध्यक्षज्यू,

अब म यस नगरपालिकाको बजेट प्रणालीमा देखिएका चुनौति संक्षेपमा प्रस्तुत गर्न चाहन्छु:

- चालु खर्चमा क्रमश बृद्धि हुदै गएको छ । तलब भत्ता प्रशासनिक खर्च लगायतको चालु खर्चमा बजेटको ठूलो हिस्सा विनियोजन गर्नुपर्ने भएकोले विकास कार्यको लागि स्रोत व्यवस्थापनम चाप परेको छ ।
- पूँजीगत खर्चलाई विकास नतिजा हासिल गर्ने गरी व्यवस्थापन गर्न सकिएको छैन । प्राथमिकिकरण नगरी साधन स्रोत छर्ने प्रवृति अझै विद्दमान रहेको र पूँजिगत खर्च गर्ने क्षमतामा अपेक्षित सुधार हुन सकेको छैन ।सीमित स्रोत साधनको समुचित परिचालन मार्फत सार्वजनिक खर्चलाई उपलब्धिमूलक बनाउने चुनौती रहेको छ ।
- चालु आर्थिक वर्षमा संघीय र प्रदेश सरकारबाट प्राप्त हुने राजश्व, अनुदान र आन्तरिक राजश्व लक्ष्यभन्दा कम संकलन भएको छ ।संघीय र प्रदेश सरकारको राजश्व बाँडफाँडबाट प्राप्त हुने आय, आन्तरिक आय र वित्तीय समानीकरण मार्फत प्राप्त हुने अनुदान लक्ष्यको तुलनामा कम प्राप्त हुनुले स्रोत व्यवस्थापन चुनौतिपूर्ण रहेको छ ।

माथि उल्लेखित चुनौतिलाई आत्मसाथ गर्दै साधारण खर्चलाई मितव्ययी बनाउने र विनियोजन कुशलता तथा कार्यान्वयन क्षमताको अभिवृद्धि मार्फत उत्पादन र उत्पादकत्व बृद्धि गर्ने, रोजगारीका अवसर सृजना गर्ने, आर्थिक तथा सामाजिक पूर्वाधार निर्माण गरी यस नगरपालिकाको आर्थिक वृद्धिको आधार तयार गर्दै उपलब्ध अवसर र उपलब्धीको समन्यायिक वितरणका लागि वजेटको उद्देश्य र प्राथमिकता देहाय अनुसार तय गरिएको छ ।

**प्रस्तुत बजेटका उद्देश्यहरु :**

१. नगरक्षेत्रको आर्थिक विकासका नवीनतम सम्भावना र अवसरका क्षेत्रहरुको पहिचान र प्रवर्द्धन गर्दै समग्र आर्थिक विकास र समृद्धि हासिल गर्ने,
२. गुणस्तरीय शिक्षामा नगरवासीहरुको पहुँचमा सुनिश्चतता प्रदान गर्ने,
३. सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने,
४. नगरवासीहरुको जीवनस्तर सुधार गर्न आधारभूत आवश्यकताहरुको परिपूर्ती गर्दै गरिबी न्यूनीकरणमा जोड दिने,
५. कृषि क्षेत्रको विकास, विविधीकरण र व्यवसायिकरण गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,
६. सुशासन, पारदर्शीता र जवाफदेहीताको सिद्धान्तलाई आत्मसाथ गरी आम नगरबासीलाई छिटो छरितो, सहज, गुणस्तरीय र परिणाममूखी सेवा प्रदान गर्ने,
७. महिला, बालबालिका, ज्येष्ठ नागरिक,अपाङ्गता भएका व्यक्ति, दलित लगायत पछाडी पारिएका र सीमान्तकृत समुदायको विकासको लागि लक्षित वर्गमैत्री संरक्षणात्मक तथा प्रवर्द्धनात्मक नीति अवलम्वन गर्ने,
८. पर्यटन क्षेत्रको पूर्वाधार विकास गरी आर्थिक मेरुदण्डको रुपमा पर्यटन क्षेत्रलाई विकास गर्ने,

बजेटका प्राथमिकता देहाय बमोजिम रहेका छन्:

- शिक्षा
- कृषि
- खानेपानी
- सिंचाई
- पूर्वाधार विकास
- पर्यटन प्रवर्द्धन

**सभाध्यज्यू,**

अब म यस नगरपालिकाको गत आर्थिक बर्ष ०७८/७९ को यथार्थ आय-ब्यय र चालु आर्थिक वर्ष ०७९/८० को ०८० जेष्ठ मसान्तसम्मको आर्थिक गतिविधि तथा बजेट

कार्यान्वयनको समिक्षा र आगामी आ.व. ०८०/८१ को प्रस्तावित आय व्यय अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. यस नगरपालिकाको गतः आर्थिक वर्ष ०७८/०७९ को बजेट अनुमान रु.७५ करोड ९६ लाख ३ सय ५० रहेकोमा उक्त आ.व.मा कूल आय ७५ करोड ४३ लाख ७५ हजार ३ सय ५६ पैसा १६ भएको छ भने खर्चतर्फ रु. ६० करोड ८६ लाख ३४ हजार ६ सय ३६ पैसा ६ अर्थात ८०. १२ प्रतिशत रहेको छ ।बाकी रहेको रकम मध्ये संघीय र प्रदेश सरकारको शशर्त, समपुरक र विशेष अनुदान बापतको फिर्ता गर्नुपर्ने रकम क्रमश रु ५ करोड ४८ लाख ३१ हजार ७ सय ९२ रुपैया पैसा २१ र १ करोड ४४ लाख ३ हजार ९ सय ९७ रुपैया पैसा ५ फिर्ता गरिएको छ भने जिल्ला समन्वय समितिबाट १६ लाख ८० हजार दोहोरो प्राप्त रकम सम्बन्धित कार्यालयको खातामा फिर्ता गरिएको छ । आ व २०७८/७९ बाकी बैङ्क मौज्दात ७ करोड ८१ लाख ८४ हजार ९ सय ३० रुपैया पैसा ३९ आ व २०७९/८० मा अ ल्या गरिएको छ ।

२. चालु आर्थिक वर्ष ०७९/०८० को कुल विनियोजित बजेट ६९ करोड ५४ लाख ५३ हजार ५ सय ६८ रुपैया रहेकोमा २०८० साल जेठ मसान्तसम्म संघीय शशर्त अनुदानमा रु ३ करोड ७९ लाख २६ हजार ४ सय २१ रुपैया, प्रदेश शशर्त अनुदानमा रु १ करोड ९० लाख ९ हजार रुपैया र यस नगरपालिकाको गत वर्षको मौज्दातबाट रु ३ करोड ७ लाख ७४ हजार थप भई कूल बजेट रु ७८ करोड ३१ लाख ६२ हजार कायम भएको छ । चालु वर्षको जेष्ठ मसान्त सम्मको आय ७० करोड १ लाख ८८ हजार ७ सय ७६ रुपैया पैसा ८४ रहेको छ भने खर्चतर्फ ५० करोड ६८ लाख ९ हजार २ सय ९० रुपैया पैसा ४५ रहेको छ ।जुन अघिल्लो आ व को सोही अवधिको भन्दा ७.८ प्रतिशत बढी खर्च रहेको छ ।

सभाध्यक्षज्यू,
अब म आगामी आर्थिक बर्षको बजेटमा रहेको मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्दछुः

**शिक्षा तर्फः**

- एक वडा एक नमुना विद्यालय कार्यक्रम अन्तर्गत यस आ.व. मा वडा न २ को हिमालय मा.वि. लाई नमुना विद्यालयको रुपमा सञ्चालन गर्नको लागि रु.३० लाख बजेट विनियोजन गरिएको छ ।

- नगरस्तरमा शिक्षालाई थप व्यवस्थित र योजनाबद्ध रुपमा सञ्चालन गर्न नगर शिक्षा योजना निर्माण, सामुदायिक विद्दालयहरुमा शिक्षक दरबन्दी मिलान तथा विद्दालय समायोजन सहजिकरण प्रोत्साहन गर्न रु.१० लाख बजेट विनियोजन गरेको छु ।
- सामुदायिक विद्यालयहरुमा शिक्षाको गुणस्तर अभिवृद्धि तथा विद्यार्थी सिकाई उपलब्धी सुधार कार्यक्रमको लागि कक्षा ५ देखी ९ कक्षा सम्म नगरस्तरीय परिक्षा सञ्चालन गरिनेछ । सोको लागि रु.१० लाख बजेट विनियोजन गरिएको छ ।
- नगर भित्रका विद्दालयहरुमा खेल संस्कृतिको विकास गरी विद्यार्थीहरुमा देश प्रेम र सामाजिक अनुशासनको भावना विकास गर्न पालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालनको लागि रु.१० लाख बजेट विनियोजन गरेको छु ।
- बालबिकास केन्द्र सहजकर्ता, विद्यालय लेखा कर्मचारी र विद्यालय सहयोगी कर्मचारीलाई अघिल्लो आ.व. मा प्रदान गरिदै आएको थप पारिश्रमिक प्रोत्साहनलाई निरन्तरता दिइएको छु ।
- संघीय र प्रदेश सरकारबाट सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएको कार्यक्रम तथा बजेटलाई सोही कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाईएको छ । शिक्षा तर्फ शशर्त रु.२५ करोड ८३ लाख  र निशर्त तर्फ रु.१ करोड ९७ लाख ७७ हजार गरी कुल रु.२७ करोड ८० लाख ७७ हजार बजेट विनियोजन गरिको छु ।

**स्वास्थ्य तर्फः**

- असाहय तथा विपन्न नागरिकहरुलाई कडा रोगको उपचार तथा आर्थिक सहायता उपलब्ध गराउनको लागि रु.१० लाख बजेट विनियोजन गरेको छु ।
- **"योग गरौ निरोग रहौ"** भन्ने नारा सहित विद्यालय योग शिक्षा कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।
- स्वास्थ्य संस्थाहरुमा औषधि तथा स्वास्थ्य उपकरण व्यवस्थापन गरी स्वास्थ्य सेवा थप प्रभावकारी बनाउन रु.२५ लाख बजेट विनियोजन गरेको छु ।
- शहरी स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी लगायत स्वास्थ्य संस्थाहरुमा स्वास्थ्यकर्मी तथा जनशक्ति व्यवस्थापनको लागि रु.५८ लाख २३ हजार बजेट विनियोजन गरेको छु ।
- संघीय र प्रदेश सरकारबाट शशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएको कार्यक्रम तथा बजेटलाई सोही कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाईएको छ । स्वास्थ्य तर्फ शशर्त रु.५ करोड ७९ लाख र निशर्त तर्फ रु.१ करोड १२ लाख ८६ हजार गरी कुल रु.६ करोड ९२ लाख ९ हजार बजेट विनियोजन गरिको छु ।

**कृषि तथा पशु तर्फः**

- एक वडा एक उत्पादन पकेट विकास कार्यक्रम अन्तर्गत फलफूल, तरकारी र प्याज लसुन जस्ता मसलाबाली प्रवर्द्धन गरी किसानको आयआर्जनमा बृद्धि मार्फत जिवनस्तरमा सुधार ल्याउन रु.२० लाख बजेट विनियोजन गरेको छु ।
- सदरमुकामस्थित बजार क्षेत्रमा संघीय सरकार र प्रदेश सरकारको लागत साझेदारीमा तरकारी बिक्री कक्ष तथा चिस्यान केन्द्र निर्माण कार्य अगाडी बढाउन पहल गरिनेछ । जसको लागि म्याचिङ्ग फण्ड अन्तर्गत यस आ.व. मा रु.१० लाख बजेट विनियोजन गरेको छु ।
- पशु रोग, विभिन्न महामारी र लम्पी जस्ता घातक रोग नियन्त्रणका लागि पशु स्वास्थ कार्यक्रम अन्तर्गत रु.१२ लाख बजेट विनियोजन गरेको छु ।
- दुग्घ विकास संस्थानको सहकार्यमा दुध उत्पादन संङ्कलन र बजारीकरणको लागि दुग्घ सङ्कलन केन्द्र स्थापना गर्न रु. ५ लाख बजेट विनियोजन गरेको छु ।
- पशु स्वास्थ्य सेवा सम्बन्धी आधारभूत सेवा प्रवाहको लागि एक गाँउ एक प्राविधिक, उपकरण खरिद, पशु नश्ल सुधार र पशु बिमा लगायतका कार्यक्रमहरुको लागि रु.१६ लाख बजेट विनियोजन गरेको छु ।
- कृषकको उत्पादनलाई सहज बजार व्यवस्थापन गर्न तथा कृषि उपजको उचित मूल्य कृषकले प्राप्त गर्ने सुनिश्चिताको लागि कृषि एम्बुलेन्स व्यवस्था गरिनेछ । जसका लागि ३० लाख बजेट विनियोजन गरेको छु ।
- कृषकलाई सुलभ मूल्यमा रासायनिक मल प्राप्त गर्न मल ढुवानीमा सत प्रतिशत अनुदानको व्यवस्था मिलाइएको छ, जसको लागि रु. ८ लाख बजेट विनियोजन गरेको छु ।
- कृषि तथा पशु तर्फको सशर्त तर्फ रु. ८४ लाख र निशर्त तर्फ रु.१ करोड ५ लाख ५९ हजार गरी कुल बजेट रु.१ करोड ८९ लाख ५९ हजार बजेट विनियोजन गरेको छु ।

**खानेपानी र सिचाईः**

- सबै नगरबासीलाई आधारभूत खानेपानी उपलब्ध गराउन संघीय सरकार, प्रदेश सरकार खानेपानी तथा सरसफाई उपभोक्ता समिति सगँको समन्वय तथा साझेदारीमा नगरपालिकाको १२ वटै वडामा खानेपानीको व्यवस्थापन गरी स्वच्छ र सफा खानेपानी आपूर्ति गर्न रु.१० लाख बजेट विनियोजन गरेको छु ।
- नगर भित्रका कृषियोग्य भूमिमा दीगो र भरपर्दो सिचाँई सुविधा पुर्याई कृषिको उत्पादन र उत्पादकत्व बढाउनका लागि संघ, प्रदेश, विकास साझेदार सस्था र

पालिका समेतको लागत साझेदारीमा सञ्चालन हुने साना सिचाँई आयोजना विकास एंव निर्माणको लागि संघीय सरकारबाट रु १ करोड ४५ लाख, प्रदेश सरकारबाट रु.५८ लाख र नगरपालिका साझेदारी बापत रु. ५८ लाख गरी कुल बजेट २ करोड ६१ लाख विनियोजन गरेको छु ।

- संघिय सरकारबाट विशेष अनुदान अन्तर्गत हस्तान्तरण भई आएको बृहत सिचाँई आयोजनाको लागि विनियोजन भई आएको रु.१ करोड १५ लाख बजेट कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

**पूर्वाधार विकास:**

- वडा स्तरीय सामाजिक, आर्थिक क्षेत्रको विकास, भौतिक पूर्वाधारको निर्माण एंव सुधार तथा संस्थागत क्षमताको विकासको लागि प्रति वडा रु ४० लाखका दरले कूल ४ करोड ८० लाख बजेट विनियोजन गरेको छु ।
- संघिय सरकारबाट समपुरक अनुदान अन्तर्गत हस्तान्तरण भई आएका ठाडे पात्ले मैदाने सडक स्तरोन्नती रु ६५ लाख र निगाले खोला बसाह केत्तुके सडक स्तरोन्नती रु ५० लाख र नगरपालिका समपूरक कोष अन्तर्गत रु १ करोड १५ लाख गरी कूल २ करोड ३० लाख रुपैया बजेट कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाएको छु ।
- प्रदेश सरकारबाट समपुरक अनुदान अन्तर्गत हस्तान्तरण भई आएका सोब्रुस्थित जगेरुदेखी लिपेखोला जाने सडक मर्मत सुधार ८० लाख र आहालडाँडा ओखरबोट वडा न ३ वडा कार्यालय अधेरी हुदै निशंखे जाने सडक स्तरोन्नती रु ५० लाख गरी रु १ करोड ३० लाखको ३० प्रतिशत लागत साझेदारीको लागि समपूरक कोष अन्तर्गत ५५ लाख ५० हजार रुपैया बजेट व्यवस्थापन गरी जम्मा रु १ करोड ८५ लाख ५० हजार बजेट कार्यान्वयनको व्यवस्था मिलाएको छु ।
- संघीय सरकारबाट हस्तान्तरण भई आएको शशर्त अनुदान पूँजिगत तर्फ झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम सञ्चालनको लागि रु. २३ लाख, रुम्जाटार बजार पूर्वाधार निर्माणको लागि रु.२५ लाख, सिद्धिचरण न. पा. वडा नं ४ गणेश मन्दिर जाने बाटो र गुरुधाम चोक देखी ठूलो ढिक सम्मको मोटरबाटोको लागि रु.२५ लाख, सिद्धिचरण बजार देखी कुन्ता मा वि ज्यामिरे सम्म सडकको लागि रु.२५ लाख बजेट कार्यान्वयनको व्यवस्था मिलाएको छु ।
- नगरस्तरीय पूर्वाधार योजनाको लागि कुल बजेट रु.२ करोड ९८ लाख ३६ हजार विनियोजन गरेको छु ।

**महिला, बालबालिका, जेष्ठ नागरिक तथा समाज कल्याण:**

- महिला सशक्तिकरण र विकासका लागि सचेतनामूलक तालिम तथा लैङ्गिक समानता सम्बन्धि कार्यक्रमहरुको सञ्चालन गरी **सिद्धिचरण नगरका महिला हरेक ठाउँमा पहिला** भन्ने नीतिलाई कार्यान्वयन गर्न आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

- महिला उद्दमशीलता विकास गरी आत्मनिर्भर बनाउन **सिद्धिचरण नगरपालिकाको सरोकार महिलालाई अवसर र अधिकार** सीप पूजी र प्रविधि हस्तान्तरण गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।
- **सम्मानित जेष्ठ नागरिक खुसी नगर** कार्यक्रम अन्तर्गत जेष्ठ नागरिक दिवा सेवा तथा मिलन केन्द्र, ज्ञान, सीप र अनुभव साटासाट एवमं पुस्तान्तरण र हस्तान्तरण कार्यक्रम सञ्चालनको लागि रु. ८ लाख ७० हजार बजेट विनियोजन गरेको छु ।
- अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण गरि आत्मनिर्भर बनाउन सीपमूलक तालिम तथा व्यवसाय सञ्चालनको लागि प्रदेश सरकार, गैरसरकारी संस्था र पालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन गर्नको लागि रु.१२ लाख बजेट विनियोजन गरेको छु ।
- महिलाहरुसँग महिला जनप्रतिनिधि कार्यक्रम मार्फत महिलाको सशक्तीकरण र विकासमा योगदान पुर्याउन रु.५ लाख बजेटको व्यवस्था मिलाएको छु ।

**पर्यटन संस्कृति:**

- संघीय सरकारबाट हस्तान्तरित शशर्त पूजिगत अनुदान बापत सिद्धिचरण न पा ५ सहिद स्मृति पार्क निर्माणको लागि रु.५० लाख विनियोजन भई आएको रकम कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाएको छु ।
- सिद्धिचरण पार्क स्तरोन्नतिको लागि रु. ६ लाख ५० हजार बजेट व्यवस्थापन गरेको छु ।

**श्रम तथा रोजगारी:**

- **उद्यमीको हात नगरको सधै साथ** भन्ने सोचलाई साकार पार्न मेयर सगँ युवा रोजगार कार्यक्रम सञ्चालन गर्नको लागि रु २० लाख बजेट विनियोजन गरेको छ ।
- संघीय सरकारबाट प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत हस्तान्तरण भई आएको रु ८९ लाख ७६ हजार रोजगारी सिर्जना, छिटो प्रतिफल दिने, तुलनात्मक लाभका क्षेत्रका कार्यक्रम तथा आयोजनामा उक्त रकम खर्च गर्ने व्यवस्था मिलाएको छु ।

**गैर सरकारी संस्था:**

- सि.एम.सि. नेपाल, सहास नेपाल, कोकन, भिएसओ, युएनएफपिए, एबिसि नेपाल र आइपास लगायतका गैर सरकारी संस्थाबाट पेश भएका कार्यक्रमहरु कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

**चालु तथा प्रशासनिक खर्चमा मितव्ययीता:**

- चालु आर्थिक वर्षमा चालु तथा प्रशासनिक खर्चमा रु ११ करोड ९१ लाख ३२ हजार ८ सय ६० रुपैया विनियोजन भएकोमा चालु खर्च शिर्षकहरुमा मितव्ययिता कायम गरी आगामी बर्षको लागि रु ११ करोड ३७ लाख ९६ हजार चालु खर्च प्रस्ताव गरेको छु । जुन चालु आर्थिक वर्षको भन्दा ५३ लाख ३६ हजार कम हुन आउछ ।

सभाध्यक्षज्यू,

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रहरु कार्यान्वयनका लागि कुल विनियोजित बजेट र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु ।

- आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु ६८ करोड ५६ लाख ९९ हजार ३ सय विनियोजन गरेको छु।
- आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये नगरपालिकाको आन्तरिक आय रु.१ करोड ५० लाख, मालपोत कार्यालयबाट घर जग्गा रजिष्ट्रेशन दस्तुर बाडफाडबाट रु.६५ लाख, राजश्व वाडफाँड संघीय सरकार रु.९ करोड ८७ लाख ३ हजार ३ सय, सवारी साधन कर प्रदेश सरकार रु.८५ लाख ९३ हजार, संघीय सरकारबाट वित्तीय सामानीकरण अनुदान, समपुरक अनुदान, विशेष अनुदान र शशर्त अनुदान गरी रु.४९ करोड ८८ लाख, प्रदेश सरकारबाट वित्तीय समानीकरण, समपुरक अनुदान र सशर्त अनुदान गरी रु.३ करोड ३१ लाख ३ हजार, र बाकी नपुग रकम मौज्दातबाट रु २ करोड ५० लाख व्यहोरिनेछ ।

सभाध्यक्षज्यू,

अब म सिद्धिचरण नगरपालिकाको आर्थिक बर्ष ०८०/८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, दस्तुर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनका लागि प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सिद्धिचरण नगरपालिकाको १२ औं नगर सभामा देहाय बमोजिमको विधेयक स्वीकृतिका लागि पेश गर्दछु ।

**१ संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "सिद्धिचरण नगरपालिकाको आर्थिक ऐन, २०८०" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि सिद्धिचरण नगरपालिकाको क्षेत्रभर लागू हुनेछ।

(३) नेपालको संविधानको धारा ५७ को उपधारा (४) को अनुसूची-८ को क्र.सं. ४ उल्लिखित स्थानीय कर दस्तुरको क्षेत्र तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ बमोजिम नगरपालिकाबाट देहाय अनुसारको कर दस्तुर संकलन गरिनेछ ।

**२. सम्पत्ति करः**

(१) नगरपालिका क्षेत्र भित्रका घर संरचना, सो घर संरचनाले ओगटेको क्षेत्रफल र सो क्षेत्रफल बराबरको थप जग्गामा सम्पत्ति कर र मालपोत कर निर्धारण गर्दा अनुसूची १ को (क) बमोजिमको भौगोलिक क्षेत्र अनुसारका जग्गाहरुको मूल्याङ्कनको आधारमा गरिनेछ ।

(२) सम्पत्ति करको दर अनुसूची १ को (ख) बमोजिम हुनेछ ।

(३) सम्पत्ति कर मूल्याङ्कन प्रयोजनको लागि घर (संरचना) को मूल्याङ्कन गर्दा अनुसूची १ को (ग) बमोजिम गरिनेछ।

**३. मालपोत करः** नगरपालिकाबाट नगर क्षेत्र भित्रका घर जग्गाहरु मध्ये सम्पत्ति कर लाग्ने घर जग्गा बाहेकका जग्गाहरुमा अनुसूची-१ (क) मा उल्लिखित जग्गाको

मुल्यांकन दरलाई आधार मानी अनुसुची-२ बमोजिमको दरमा बार्षिक मालपोत कर संकलन गरिनेछ ।

४. **घर बहाल करः** नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची-३ मा उल्लिखित दरमा घर जग्गा बहाल कर संकलन गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची-४ मा उल्लिखित दरमा व्यवसाय कर संकलन गरिनेछ।

६. **दर्ता, अनुमति तथा नवीकरण शुल्क/दस्तुरः** नगरपालिका क्षेत्र भित्रका विभिन्न व्यवसाय, सेवामूलक संघ/संस्था दर्ता, अनुमति तथा नवीकरण र भवन निर्माणका लागि अनुमति, नामसारी, नक्सा संशोधन, अभिलेखीकरण र म्याद थप गर्दा अनुसूची-५ मा उल्लिखित दरमा शुल्क/दस्तुर लिइनेछ ।

७. **बहाल विटौरी शुल्कः** नगरपालिका क्षेत्र भित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट बजार तथा नगरपालिका क्षेत्र भित्र सञ्चालन भएका वा गरिने व्यवसायहरुबाट अनुसूची (६) मा उल्लिखित दरमा शुल्क लगाई असुल उपर गरिनेछ।

८. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलव्ध गराए वापत अनुसूची-७ मा उल्लिखित दरमा पार्किङ शुल्क असुल उपर गरिनेछ ।

९. **जडीबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले अनुसूची-८ मा उल्लिखित जडीबुटी, कवाडी र जीवजन्तु जन्य वस्तुको व्यावसायिक उपयोग गरे बापत सोही अनुसूचीमा उल्लिखित दरमा जडीबुटी, कवाडी र जीवजन्तु कर असुल उपर गरिनेछ।

१०. **वस्तु तथा सेवा बिक्री शुल्क/दस्तुरः** नगरपालिका क्षेत्र भित्रको स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री र नगरपालिकाको ट्रिपर, रोलर र ब्याकहोई लोडर प्रयोग गरे बापत अनुसूची-९ मा उल्लिखित दरमा वस्तु तथा सेवा विक्री शुल्क/दस्तुर असुल उपर गरिनेछ ।

११. **सेवा शुल्क/दस्तुरः** नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा अनुसूची-१० मा उल्लिखित अन्य कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवाग्राहीबाट सोही अनुसूचीमा उल्लिखित दरमा सेवा शुल्क/दस्तुर असुल उपर गरिनेछ ।

१२. **सवारी साधन करः** नगरपालिकाबाट टाँगा/रिक्सा/ अटो रिक्सा/ ई-रिक्साको दर्ता तथा बार्षिक नवीकरण गर्दा अनुसूची -११ मा उल्लिखित दरमा सवारी साधन कर असुल उपर गरिनेछ ।

१३. **विज्ञापन करः** नगरपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची-१२ बमोजिमको दरमा विज्ञापन कर असुल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** नगर क्षेत्रका पार्क, ऐतिहासिक तथा पुरातात्विक सम्पदा र संग्रहालय जस्ता सम्पदा उपयोगको प्रवेश शुल्क नगर कार्यपालिकाको निर्णयबाट निर्धारित दर बमोजिम असुल उपर गरिनेछ ।

१५. **दण्ड जरिवानाः** नगरपालिकाबाट लिइने दण्ड जरिवाना प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

१६. **करमा छुट दिन नमिल्नेः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर, शुल्क तथा दस्तुर संकलन सम्वन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

अन्त्यमा,

यो बजेट तयार गर्ने क्रममा मार्गनिर्देश गर्नुहुने आदरणीय नगर प्रमुखज्यू, टोल भेलादेखि नगर कार्यपालिकाको बैठकसम्मका बजेट तर्जुमाका चरणमा अमूल्य सुझाव दिनुहुने वडा अध्यक्षज्यू, नगर कार्यपालिका सदस्यज्यू तथा वडा सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत कर्मचारी वर्गहरुमा धेरै धेरै धन्यवाद दिन चाहन्छु । त्यसै गरी यस कार्यमा प्रत्यक्ष संलग्न हुनुहुने विभिन्न राजनैतिक दलका प्रतिनिधिज्यूहरु, शिक्षा प्रेमी, स्थानीय बुद्धिजीविहरु लगायत उद्योगी/ व्यवसायिहरुमा आभार व्यक्त गर्न चाहन्छु । आम नगरबासी, निजीक्षेत्र, विकास साझेदारहरु, नागरिक समाज प्रति पनि धन्यवाद दिन चाहन्छु । सिद्धिचरण नगरपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउनु हुने आम नागरिकहरु, कर दाताहरु, निजीक्षेत्र, विकास साझेदारीहरु, सरकारी तथा गैरसरकारी संघ संस्था, सामुदायिक संस्थाहरु, नागरिक समाज एवम् सञ्चारकर्मी लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद।

**केदारबाबु बस्नेत**

१० असार, २०८०

उपप्रमुख एवं संयोजक

बजेट तथा कार्यक्रम तर्जुमा समिति